अनुसूची-१२

(दफा १८ को उपदफा (६) संग सम्बन्धित)

मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा

## कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# नेपाल झोलुङ्गे पुल सरोकार समाजको

# प्रबन्धपत्र,

# २०६४

# नेपाल झोलुङ्गे पुल सरोकार समाजको
# प्रबन्धपत्र,
# २०६४

१. **<u>कम्पनीको नाम :</u>** यस कम्पनीको नाम **नेपाल झोलुङ्गे पुल सरोकार समाज** रहनेछ । अंग्रेजीमा यसलाई Nepal Jholunge Pool Sarokar Samaj भनिनेछ ।

२. **<u>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :</u>** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ मा रहनेछ । आवश्यकतानुसार कम्पनी रजिष्टर्ड कार्यालयको स्वीकृति लिई नेपालभित्र अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न वा रजिष्ट्रर्ड कार्यालय नै सार्न सकिनेछ ।

३. **<u>कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृति :</u>** (१) यो कम्पनी एक अविच्छिन्न उत्तराधिकारीवाला, संगठित, स्वशासित, गैर नाफामूलक, गैह्र राजनीतिक, गैह्र धार्मिक तथा गैर सरकारी सामाजिक कम्पनी हुनेछ ।

(२) यस कम्पनीले गर्ने व्यवशाय र कारोवारका मूलभूत निर्देशक सिद्धान्त तथा नीतिहरु दफा ४ मा उल्लेख भए बमोजिम हुनेछन ।

४. **<u>कम्पनीको उद्देश्य :</u>** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

क) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुल सम्बन्धी निर्माण, प्रबिधि र शिक्षा क्षेत्रमा क्रयाशील विभिन्न संघ संस्था, विशेषज्ञ, उपभोक्ता समूहहरुबीच वार्ता र सम्वादको लागि सहजकार्य गर्ने ।

ख) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुलसंग सम्बन्धित विभिन्न सरोकारवालाहरुसंग रहेभएका सूचना, तथ्यांकहरु, प्रबिधि र ज्ञान सीपका विषयहरु अद्यावधिक गर्ने, एक आपसमा आदानप्रदान गर्ने र समन्वयात्मक विकास गतिविधिमा योगदान पुऱ्याउने ।

(ग) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुलको निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन, व्यवस्थापन तथा मर्मत सम्भार विषयमा आम सहभागिता र विकेन्द्रीकरणका सर्वव्यापि सिद्धान्त र प्रणालीको प्रबर्द्धन गर्न सहयोग गर्ने ।

(घ) प्रचलित नेपाल कानुनले तोके अनुसारको मापदण्ड/नर्म्स अनुसार बन्ने गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुलको योजना बजेटमा पारदर्शीता ल्याउन योगदान पुऱ्याउने र सुशासनका मूल्य र मान्यताहरुको अभिबृद्धि गर्ने

(ङ) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुल सम्बन्धी सस्तो र जनताबीच लोकप्रिय तथा सुलभ प्रबिधिको विकास तथा समुदायको अपनत्व अभिबृद्धिमा सहयोग गर्ने ।

(च) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुल सम्बन्धी उपयुक्त एवम् जनअपेक्षा वमोजिमका कानुन, नीति, निर्देशिका निर्माण तथा प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धीत निकाय तथा स्थानीय निकायलाई सहयोग पुऱ्याउने ।

(छ) पिछडिएका क्षेत्र, समुदाय तथा महिला वर्गहरुको विकास र निर्णय प्रक्रियामा प्रतिनिधित्व र सहभागिता बढाउने ।

(ज) ग्रामीण तथा न्यून आयश्रोत भएका समुदायहरुको गरिबी निबारणका लागि योगदान पुऱ्याउने ।

(ञ) ग्रामीण क्षेत्रमा वातावरण संरक्षण र व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा प्राप्त गरेको अनुमति वा इजाजत पत्रको प्रतिलिपि पन्ध्र दिनभित्र कार्यालयमा पेश गरिनेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** : (१) यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न सामान्यतः देहाय वमोजिमका कामहरु गर्नेछ :-

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने वा लिजमा लिन सक्नेछ र कम्प्युटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्न सक्नेछ वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्नेछ ।

ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) प्रचलित कानूनको अधिनमा रही कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक संम्झौताहरु गर्ने ।

(च) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

(२) यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न विषयगत क्षेत्र सम्वन्धी देहाय वमोजिमका कामहरु गर्नेछ :-

(क) आम नागरिक र सरोकारवालाहरुबीच गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुल सम्बन्धी उपलव्ध सूचना, जानकारी तथा सरकारी कानुन, नीति निर्देशिका जानकारी गराउने, प्रचार प्रसार गर्ने र अनुसन्धानमूलक गतिविधि गर्ने र आवश्यक जानकारीमूलक बुलेटिन, प्रतिवेदन प्रकाशन गर्ने ।

(ख) गोरेटो/घोडेटो तथा झोलुङ्गे पुल सम्बन्धी नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन जस्ता विकास कार्यमा विभिन्न सरकारी निकाय, स्थानीय सरकार, गैरसरकारी संघसंस्था र स्थानीय समुदाय तथा सामुदायिक संघ संस्थाहरुसँग समन्वय कायम गर्ने तथा साझेदारीको विकास गर्ने ।

(ग) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुल सम्बन्धी शिक्षा, तालिम, प्रबिधि विकास लगायतका गतिविधिमा साझेदारी र समन्वयको विकास गर्ने ।

(घ) गोरेटो/घोडेटो तथा झोलुङ्गे पुल सम्बन्धी जनचेतना मुलक विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) गोरेटो/घोडेटो बाटो तथा झोलुङ्गे पुल सम्बन्धी तोकिएका अन्य कार्यहरु गर्ने ।

६. **कम्पनीको प्रारम्भिक पूंजी रकम** : यस कम्पनिको संस्थापना गर्दा आवश्यक रकम र सोको स्रोत देहाएमा उल्लेख भए वमोजिम रहेको छ,

(क) कम्पनीका सदस्यहरुको सदस्यता र सहयोगबाट प्राप्त रकम रु. ५,५००/- अक्षररुपि रु. पाँच हजार पाँच सय मात्र ।

(ख) अन्य संघ संस्थाबाट कम्पनीको कार्यक्रमका लागि यस अघि प्राप्त सहयोग रकम रु. ४५,५००/- अक्षररुपि रु. पैचालिस हजार पाँच सय मात्र ।

७. **कम्पनीको लागि शेयर पूंजी आवश्यक नपर्ने** : (१) यो कम्पनी संस्थापना गर्दा कुनै शेयर पूँजी आवश्यक पर्ने छैन ।

तर कम्पनीले आफ्ना सदस्यहरुबाट सदस्यता शुल्क प्राप्त गर्न र आफ्नो उद्देश्य पूरा गर्न कानून बमोजिम कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ ।

(२) कम्पनीका सदस्यहरुले देहाएमा उल्लेख भए अनुसारको सदस्यता शुल्क वापतको तोकिएको रकम बुझाउने छन् :

(क) साधारण सदस्यता प्रवेश दस्तुर वापत एकपटकलाई एकमुष्ट रु.५००।- र साधारण सदस्यता नविकरण दस्तुर वापत प्रत्येक दुई बर्षका लागि एकमुष्ट रु.५००।-

(ख) व्यक्तिगत आजीवन सदस्यता वापत एकपटक एकमुष्ट रु. २५००।-

(ग) साधारण संस्थागत सदस्यता प्रवेश दस्तुर बापत एकपटक एकमुष्ट रु. २,०००।- र नविकरण वापत प्रत्येक दुई बर्षका लागि एकमुष्ट रु.२,०००।-

(घ) आजीवन संस्थागत सदस्यता बापत एकपटक एकमुष्ट रु. १०,०००।-

(ङ) कम्पनीले उपयुक्त ठानेको बिशिष्ठ व्यक्ति, संस्था, निकायलाई तोकिए वमोजिम सशुल्क वा विनाकुनै शुल्क मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) कम्पनीका सदस्यहरुबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गरिनेछ र सो कोषमा रहेको रकम कम्पनीको पूँजी हुनेछ । यस्तो रकम कम्पनीको नियमित कारोवारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गरिनेछ ।

(४) कम्पनीका आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क, सदस्यता शुल्क र सदस्यता नविकरणको रकम ।

ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) कम्पनीको चल अचल सम्पत्ति वा अन्य बस्तुको विक्रीवाट प्राप्त रकम ।

घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थावाट सहयोग, दान वापत प्राप्त रकम ।

ङ) केन्द्रिय तथा स्थानीय निकायवाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

च) सञ्चित सम्पत्तिवाट उठेको ब्याज, मुनाफा आदि ।

(५) विदेशी संघ संस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकारको स्वीकृती लिनेछ ।

(६) कम्पनीमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैक खाता सञ्चालन गरिनेछ । संस्थाको खाता अध्यक्ष, सचिव, कोषाध्यक्ष वा सचिवालयको तोकिएको लेखा प्रमुखको संयुक्त दस्तखत मध्ये कुनै दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । साथै बैकिङ्ग कारोवारको सम्बन्धमा भने कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।

(७) कम्पनीको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरीका अपनाई खर्च गरिनेछ ।

(क) कम्पनीको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषवाट खर्च गर्न सकिने छैन

(ख) साधारण सभावाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषको खर्चबाट रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ

(८) कम्पनीको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ र देहाएको प्रक्रिया अपनाई लेखापरिक्षण नियमित गरिनेछ,

(क) कम्पनीको लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परिक्षकवाट गराइनेछ ।

(ख) नेपाल सरकार वा कार्यालयले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई कम्पनीको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

(ग) कम्पनीको लेखा परिक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति कार्यालयमा पेश गरिनेछ ।

८. **मुनाफा वितरण गर्न नपाउने** : (१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश, बोनस वा अन्य कुनै रकम यसका सदस्य वा पदाधिकारी वा कर्मचारीलाई वितरण गरिने छैन ।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजी बृद्धि गर्न वा कम्पनीको उद्द्देश्य प्राप्तिका लागि मात्र खर्च गरिनेछ ।

९. **कम्पनीको सदस्यता प्राप्ति र नवीकरण** : कम्पनीको सदस्य हुन आवश्यक पर्ने शर्त, योग्यता, सदस्यताको किसिम, सदस्यता प्राप्त गर्ने र नवीकरण गर्ने प्रक्रियाहरु देहायमा उल्लेख भए वमोजिम हुनेछ,

*(१) सदस्यताको किसिम :* यस कम्पनीको देहाय बमोजिम ३ प्रकारका सदस्यहरु रहन सक्नेछन,

(क) साधारण सदस्य : यस कम्पनीको प्रबन्ध-पत्रको दफा ९ को उपदफा (२) बमोजिम योग्यता पुगेका व्यक्ति वा संस्थाहरुले तोकिएको प्रक्रिया अर्न्तगत रही आवेदन गरेमा प्रदान गरिने सदस्यतालाई कम्पनीको साधारण सदस्यता मानिनेछ । कम्पनीले गोरेटो/घोडेटो तथा झोलुङ्गे पुल सम्बन्धी कार्यमा संलग्न तथा विशेष योगदान पुऱ्याउने कुनै व्यक्ति, संघ संस्था तथा सार्वजनिक निकायलाई संस्थागत सदस्यताको लागि आग्रह गरी तोकिए वमोजिम आवेदन लिई साधारण सदस्यता दिन सकिनेछ ।

(ख) संस्थापक सदस्यहरु : यस कम्पनी दर्ता हुँदाको बखतका सदस्य तथा पदाधिकारीहरु कम्पनीका संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यले साधारण वा आजीवन सदस्य सरह प्रबन्धपत्र वमोजिमको सदस्यता शुल्क बुझाउनुपर्नेछ ।

(ग) आजीवन सदस्य : कम्पनीको विकासको लागि बिशेष सहयोग र योगदान पुऱ्याउने संस्थाहरु, व्यक्तिहरु, परामर्शदाता वा विज्ञहरु र संघसंस्थालाई तोकिएको प्रकृया अनुसार आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

(घ) मानार्थ सदस्य : उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित संघ संस्था, सार्वजनिक निकाय वा व्यक्तिलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

*(२) सदस्यता प्रप्तिका लागि योग्यता :* यस कम्पनीको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) २१ बर्ष उमेर पुरा भएको,

(ख) मगज नबिग्रेको

(ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

(घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

(ङ) प्रचलित कानुनले सदस्य हुन अयोग्य नभएको ।

*(३) सदस्यता शुल्क, नविकरण र सदस्यता प्रदान गर्ने विधि :* (१) सदस्यताको लागि यस कम्पनीको प्रबन्ध प्रत्रको दफा ९ को उपदफा (२) बमोजिमका सदस्यहरुले तोकिए बमोजिमको लिखित निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन उपर संचालक समितिको साधारण बहुमतले निर्णय गरी देहायमा तोकिएको शुल्क लिएर सदस्यता प्रदान गर्न सक्नेछ ।

(क) साधारण सदस्य : साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. ५००।- र संस्थाले रु. २०००।- एकमुष्ट बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई संचालक समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । त्यस्ता साधारण सदस्यले प्रत्येक दुई बर्षमा रु. ५०० बुझाई साधारण सदस्यता नविकरण गराउन सक्नेछन । साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक दोश्रो बर्षको कार्तिक महिनाभित्र नविकरण गराई सक्नुपर्नेछ ।

(ख) संस्थापक सदस्यहरु : (क) यो कम्पनी दर्ता हुँदाको बखतका संचालक समितिका सदस्यहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण वा आजीवन सदस्य रहनेछन् ।

(ग) आजीवन सदस्य : कम्पनीमा एकमुष्ट रु. २,५००।- बुझाई तोकिएको प्रक्रिया अर्न्तगत आवेदन दिने व्यक्तिहरु र एकमुष्ट रु. १०,०००।- बुझाई तोकिएको प्रक्रिया अर्न्तगत आवेदन दिने संस्थाहरुलाई संचालक समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) मानार्थ सदस्य : संचालक समितिको निर्णयले उपयुक्त ठानेको बिशिष्ठ संस्था, निकाय तथा व्यक्तिहरुलाई तोकिए बमोजिम सशुल्क वा विनाकुनै शुल्क मानार्थ सदस्यता प्रदान गरिनेछ ।

(४) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

(५) सबै सदस्यहरुले कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम भएको ब्यवस्थाको पालना गर्नुपर्नेछ ।

(६) कम्पनीले प्रदान गरेको उपदफा १ (क), (ख), (ग), (घ), (ङ) अनुसारको सदस्यहरुको छुट्टै अभिलेख पुस्तीका व्यवस्थित गरी राखिनेछ ।

१०. **सदस्यता हस्तान्तरण नहुने** : कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन ।

११. **सदस्यता समाप्त हुने अवस्था :** यस कम्पनीका सदस्यको सदस्यता देहायको अवस्थामा कायम रहने छैन ।

क) कम्पनीको सदस्यताबाट राजिनामा दिएमा,

ख) कम्पनीको सदस्यको मृत्यु भएमा,

ग) कुनै संगठित संस्था कम्पनीको सदस्य भएकोमा त्यस्तो संस्था खारेज भएमा वा अन्य संगठित संस्थासँग गाभिएमा,

घ) कम्पनीको सदस्य दामासाहीमा परेमा,

ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेमा,

च) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारी अभियोगमा सजाय पाएमा,

छ) सम्बन्धित कम्पनीको व्यवसायमा निजी स्वार्थ भएमा,

ज) प्रचलित कानून बमोजिम कम्पनीको सदस्य कायम रहन अयोग्य भएमा,

१२. **दायित्व सीमित हुने :** कुनै सदस्यले लिखित रुपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वमा यसको सदस्य जिम्मेवार हुने छैन ।

१३. **अन्य आवश्यक कुराहरु :**

(१) संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(२) कम्पनीले कारोवार शुरु गर्दाको अवस्थामा आवश्यक खर्च कम्पनीका संस्थापकहरुबाट प्राप्त गरिनेछ ।

(३) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सुहलियत वा अधिकार पाउने हकमा संचालक समितिको निर्णय अनुसार हुनेछ । तर यस्तो निर्णय सभाबाट अनुमोदन गराई कार्यालयमा जानकारी दिइनेछ ।

(४) कंम्पनीको एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनै पनि कागजमा सोहि छापले प्रमाणित गरि राखिनेछ । कम्पनीको छाप र चिन्ह सञ्चालक समितिले तोकिएको ढाँचामा हुनेछ । तर कम्पनीको नाम र चिन्ह पूर्व दर्ता भएको कुनै कम्पनीसंग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

१४. **कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने :-** यस अघि कम्पनी ( संस्था)को नाममा भए गरेका निर्णय, योजना तथा गतिविधिहरु कम्पनीको यसै प्रबन्धपत्र र नियमावली वमोजिम भए गरेको मानिनेछ ।

१५. **प्रबन्धपत्रमा संशोधन भएमा लागु हुने अवस्था :** (१) यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

(२) सभाको बैठकका सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र कम्पनीको प्रबन्धपत्रको कुनै दफा संशोधन वा खारेज गर्न सकिनेछ ।

१६. **प्रबन्धपत्र बाँझिएको हदसम्म अमान्य हुने :** यस प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर हुनेछ ।

१७. **संस्थापकहरुको विवरण र उद्घोषण :** हामी **नेपाल झोलुङ्गे पुल सरोकार समाज**का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौ भनि सहिछाप गरेका छौ ।

| **संस्थापकको नाम, ठेगाना र सहिछाप** | **बाबु/ पतिको नाम** | **नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं.** | **साक्षीको नाम, थर, ठेगाना र सहछिाप** | **साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला** |
|---|---|---|---|---|
| दस्तखतः<br><br>१) नाम : प्रो. दिपक भट्टराई<br><br>ठेगाना : कामनपा, ४४६, दोचामार्ग, महाराजगञ्ज<br>फोन नं. ९८५१०२१५४४, ४४१३०८९<br>फ्याक्स नं. ६६११६८१<br>इ-मेलः yasmine@wlink.com.np<br>पो व. नं. : १०८१०, काठमाडौं<br>दा. वा. | स्व. प्रा. गोविन्द प्रसाद भट्टराई | | दस्तखतः<br><br>१) नाम :<br>ठेगाना :<br><br>दा. वा. | ना. प्र. प. नं. |
| दस्तखतः<br><br>२) नाम : नीरज शाह<br><br>ठेगाना : डांडागाऊँ ६, जाजरकोट हाल, सैबु, ५ ललितपुर<br>फोन नं. ५५९०५७०<br>फ्याक्स नं.<br>इ-मेल :<br>nshah@nepaltrailbridges.org<br>पो व. नं. :<br>दा. वा. | मणिकजंग शाह | | दस्तखतः<br><br>२) नाम :<br><br>ठेगाना :<br><br>दा. वा. | ना. प्र. प. नं. |
| दस्तखत : | | | दस्तखतः | ना. प्र. प. नं. |

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/ पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | साक्षीको नाम, थर, ठेगाना र सहछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|
| ३. नाम : शिव चन्द्र कण्ठ<br>ठेगाना : जनकपुर न.पा. ११, धनुषा<br>फोन नं. ५५५४९०५<br>फ्याक्स नं. ५५२६८२९<br>इ-मेल shiva.kantha@helvetas.org.np<br>पो व. नं. : G.P.O. Box 688<br>दा. वा. | सूर्य नारायण कण्ठ | ३९६९५८०२ | २) नाम :<br>ठेगाना :<br>दा. वा. | |
| दस्तखत :<br>४. नाम : सरोजकुमार उपाध्याय<br>ठेगाना : गौर न.पा., ३, रौतहट हाल, का.म.न.पा. ३५, कोटेश्वर<br>फोन नं. ६२२५३६९<br>फ्याक्स नं. ४२२८०२४<br>इ-मेल : cemecahra@mos.com.np<br>पो व. नं. : २४१४८<br>दा. वा. | मंगल कुमार उपाध्याय | | दस्तखतः<br>१) नाम :<br>ठेगाना :<br>दा. वा. | ना. प्र. प. नं. |
| दस्तखत :<br>५. नाम : रुद्र प्रसाद सापकोटा<br>ठेगाना : भक्तपुर नगरपालिका, १७, भक्तपुर<br>फोन नं. ६६११०७<br>फ्याक्स नं.<br>इ-मेल : rsapkota@snv.org.np<br>पो व. नं. :<br>दा. वा. | दिनानाथ सापकोटा | ४०३९१/८८५ | दस्तखतः<br>१) नाम :<br>ठेगाना :<br>दा. वा. | ना. प्र. प. नं. |
| दस्तखत :<br>६. नाम : कमल जैशी<br>ठेगाना :<br>फोन नं.<br>फ्याक्स नं.<br>इ-मेल :<br>पो व. नं. :<br>दा. वा. | | | दस्तखतः<br>१) नाम :<br>ठेगाना :<br>दा. वा. | ना. प्र. प. नं. |
| दस्तखत :<br>७. नाम : पुष्पराज भट्टराई<br>ठेगाना : धुलावारी, ९, झापा हाल, गोठाटार, ८, भक्तपुर<br>फोन नं. ९८४१४०४६५६<br>फ्याक्स नं. ४३५२३४४<br>इ-मेल : b-pujan@yahoo.com<br>पो व. नं. :<br>दा. वा. | विष्णुकुमार भट्टराई | | दस्तखतः<br>१) नाम :<br>ठेगाना :<br>दा. वा. | ना. प्र. प. नं. |

ईति सम्वत २०६४ साल भाद्र महिना ...... गते रोज ....... शुभम् ................।